संघीय संसद
प्रतिनिधि सभा, २०७९
तेस्रो अधिवेशन
बैठक संख्या - १८

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल चैत १९ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:१५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमै नेपाली काँग्रेसका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले माननीय श्री प्रतिमा गौतमलाई समय दिनुहुँदा उहाँले केहि व्यक्तिहरुले संगठित रुपमा नै सहकारीमा ठगी गरी फरार हुँदा एउटा व्यक्ति मात्र नभई लाखौं सदस्य असह्य पीडामा परेको जसमध्ये ६० प्रतिशत पीडितहरु महिला रहेको तर सरकारले त्यस पीडालाई वेवास्ता गरेको, त्यस विषयमा नेपाली काँग्रेसले सदनमा लागतार खवरदारी गर्दै आइरहेको, सहकारी ठगी प्रकरणमा उजुरी परेको व्यक्ति नै गृहमन्त्री पदमा रहनुले अनुसन्धान प्रक्रिया पूर्णरुपले प्रभावित भएकोले उक्त ठगी प्रकरणको सत्य तथ्य छानविन गर्न संसदीय छानविन समिति गठन गर्नु आवश्यक रहेको विषय नेपाली काँग्रेसले सदनमा वारम्वार उठाएको लगायत अन्य विषयहरुमा आफ्नो भनाई राख्नुभयो ।

त्यसपछि आकस्मिक समयमा क्रमशः माननीय श्री ठाकुर प्रसाद गैरे र माननीय श्री मनिष झाले पाल्पा जिल्लाको रिब्दीकोट गाउँपालिकामा विपन्न परिवारका एक १९ वर्षीया युवतीलाई हत्या गरी फालिएको अवस्थामा फेलापरेकोले उक्त हत्यामा संलग्नलाई कारवाही गर्नुकासाथै मृतकका परिवारलाई राहतको व्यवस्था गर्नुपर्ने, मधेश प्रदेशका एस.ई.ई. परीक्षाकेन्द्रमा व्यापकरुपमा चिट चोरिने/चोराइने विषयले मधेश बदनाम हुँदै गएकोले परीक्षालाई मर्यादित एवम् कडाइ गरिनु पर्ने र प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखले सो विषयलाई गम्भीरतापूर्वक लिनुपर्ने लगायतका अन्य समसामयिक विषयमा आ-आफ्नो भनाई राख्नुभयो ।

तत्पश्चात् प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयोः-

१. मा० श्री अन्जनी श्रेष्ठ
२. मा० श्री अनिता देवी
३. मा० श्री अनिशा नेपाली
४. मा० श्री अब्दुल खांन
५. मा० श्री अम्मर बहादुर रायमाझी
६. मा० श्री अमृत लाल राजवंशी
७. मा० श्री अमृता देवी अग्रहरी
८. मा० श्री अर्जुन नरसिंह के.सी.
९. मा० श्री अशोक कुमार चौधरी
१०. मा० श्री अस्मा कुमारी चौधरी
११. मा० श्री असिम शाह
१२. मा० श्री ईश्वर वहादुर रिजाल
१३. मा० श्री ईश्वरी घर्ती
१४. मा० श्री ईश्वरी देवी न्यौपाने
१५. मा० श्री उर्मिला माझी
१६. मा० श्री ऋषिकेश पोखरेल
१७. मा० श्री एकनाथ ढकाल
१८. मा० श्री ऐन बहादुर शाही ठकुरी
१९. मा० श्री कल्पना चौधरी
२०. मा० श्री कान्तिका सेजुवाल
२१. मा० श्री कालुराम राई
२२. मा० श्री किरण कुमार साह
२३. मा० श्री कुसुमदेवी थापा
२४. मा० श्री गगन कुमार थापा
२५. मा० श्री गणेश पराजुली
२६. मा० श्री गिता बस्नेत
२७. मा० श्री गंगा कार्की
२८. मा० श्री गंगा प्रसाद यादव
२९. मा० श्री चन्दा कार्की (भण्डारी)
३०. मा० श्री चन्दा चौधरी
३१. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
३२. मा० श्री जनार्दन शर्मा
३३. मा० श्री जावेदा खातुन जागा
३४. मा० श्री जीवन परियार
३५. मा० श्री जुली कुमारी महतो (महासेठ)

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयोः-

१. मा० श्री प्रदिप पौडेल
२. मा० श्री सरिता भुसाल
३. मा० श्री हरि ढकाल
४. मा० श्री राम कुमार राई
५. मा० श्री ध्रुव बहादुर प्रधान
६. मा० श्री प्रदिप यादव
७. मा० श्री मेटमणि चौधरी
८. मा० श्री गोमा लाभ सापकोटा

९. मा० श्री राम प्रकाश चौधरी
१०. मा० श्री प्रेम सुवाल
११. मा० श्री प्रभु साह
१२. मा० श्री तेजुलाल चौधरी
१३. मा० श्री रुकमणि राना बराईली
१४. मा० श्री पुष्प बहादुर शाह
१५. मा० श्री दयाल बहादुर शाही

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त देहाय बमोजिमको पत्र पढेर सुनाउनु भयोः-

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएको देहाय बमोजिमको विधेयकको प्रमाणीकृत प्रति थान १ (एक) यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | ऐन संख्या | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १ | ०६ | अनुगमन तथा मूल्याङ्कन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० | २०८०/१२/१६ |

(डिल्ली राम शर्मा)
सचिव

मिति : २०८०/१२/१६

तत्पश्चात् सम्माननीय सभामुखले संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को नियम २५ को (२) बमोजिम संसदीय सुनवाई समितिमा माननीय श्री पदम गिरीको स्थानमा माननीय श्री सुनिता बरालको नाम हेरफेर गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सभाले सहमति जनायो ।

तदुपरान्त माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दामोदर भण्डारीले राष्ट्रिय सभामा उत्पत्ति भएको "विद्युतीय व्यापार विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि "विद्युतीय व्यापार विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलको क्रममा निम्नलिखित माननीय सदस्यहरुले राख्नु भएको प्रश्नहरुको माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दामोदर भण्डारीले जवाफ दिनुभयो ।

१. मा० श्री प्रदिप पौडेल
२. मा० श्री रघुजी पन्त
३. मा० श्री शिशिर खनाल
४. मा० श्री महेन्द्र बहादुर शाही
५. मा० श्री सोबिता गौतम
६. मा० श्री रंजु कुमारी झा
७. मा० डा० स्वर्णिम वाग्ले
८. मा० डा० चन्दा कार्की (भण्डारी)
९. मा० श्री राजेन्द्र कुमार के.सी.
१०. मा० श्री विद्या भट्टराई
११. मा० श्री गणेश पराजुली
१२. मा० श्री मेटमणि चौधरी
१३. मा० श्री ज्ञानु बस्नेत सुवेदी
१४. मा० श्री शेर बहादुर कुँवर
१५. मा० श्री अशोक कुमार चौधरी
१६. मा० श्री नारायणी शर्मा
१७. मा० श्री असिम शाह
१८. मा० श्री दिलेन्द्र प्रसाद बडू
१९. मा० श्री मनिष झा
२०. मा० श्री सरिता भुसाल
२१. मा० श्री माधव सापकोटा
२२. मा० श्री किरण कुमार साह
२३. मा० श्री रमा कोइराला पौड्याल
२४. मा० श्री प्रेम सुवाल
२५. मा० श्री दुर्गा राई
२६. मा० श्री लाल प्रसाद साँवा लिम्बु
२७. मा० श्री नागिना यादव
२८. मा० श्री बासु देव घिमिरे
२९. मा० श्री दामोदर पौडेल वैरागी
३०. मा० श्री राम प्रकाश चौधरी
३१. मा० श्री प्रतिमा गौतम
३२. मा० श्री विमला सुवेदी
३३. मा० श्री अमृतलाल राजवंशी
३४. मा० श्री हितराज पाण्डे

तत्पश्चात् सम्माननीय सभामुखले "विद्युतीय व्यापार विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "विद्युतीय व्यापार विधेयक, २०८०" माथि संशोधन पेश गर्न चाहने माननीय सदस्यहरुले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम बहत्तर घण्टाभित्र आफूले पेश गर्न चाहेको संशोधनको सूचना विधेयक शाखा (प्रतिनिधि सभा) मा दिनसक्नुहुने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल चैत २० गते मंगलबार बिहान ११:०० बजे बस्नेगरी बैठक दिनको ४:०० बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव